पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ४३ प्रमाणित मितिः २०७७ कार्तिक ०४ गते

## भाग २

# वालमैत्री वडा घोषणा कार्यविधि, २०७७

**प्रस्तावना:**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ (ग) को उपदफा २९ मा वडालाई बालमैत्री बनाउने भन्ने व्यवस्था भए बमोजिम बालमैत्री वडा बनाउन र घोषणा प्रकृयामा लैजान वडा कार्यालयलाई सहज होस् भन्ने उद्देश्यले आवश्यक कार्यविधि बनाई कार्य अघि वढाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक:

१.**संक्षिप्त नाम र प्रारम्भ** : १.यस कार्यविधिको नाम "बालमैत्री वडा घोषणा कार्यविधि २०७७" रहेको छ ।

२.यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२.**परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१. "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्ति सम्झनुपर्दछ ।

२. "ऐन"भन्नाले वालवालिका सम्वन्धि ऐन २०७५ लाई सम्झनुपर्दछ ।

३. "महानगरपालिका" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनुपर्दछ ।

४. "प्रमुख" भन्नाले महानगरपालिकाका प्रमुखलाई सम्झनुपर्दछ ।

५. "उपप्रमुख" भन्नाले महानगरपालिकाका उपप्रमुखलाई सम्झनुपर्दछ ।

६. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

७. "वडाध्यक्ष" भन्नाले महानगरपालिकाका वडाध्यक्षहरुलाई सम्झनुपर्दछ ।

८. "वडा कार्यालय" भन्नाले पोखरा महानगरपालिकाभित्रका वडा कार्यालयहरुलाई सम्झनुपर्दछ ।

९."वडा वाल संरक्षण समिति" भन्नाले सम्वन्धित वडामा वडाध्यक्षको संयोजकत्वमा गठित समितिलाई सम्झनुपर्दछ ।

१०."संघ संस्था" भन्नाले प्रचलित कानून वमोजिम दर्ता भएका बालबालिकाको क्षेत्रमा कार्य गर्ने गैसस वा सो प्रकृतिका अन्य सामाजिक संघ संस्था सम्झनुपर्दछ ।

११."बालमैत्री कार्यक्रम" भन्नाले बाल वचाउ, बाल संरक्षण, बालविकास र बालसहभागिताका आयामहरु समेट्ने गरी संचालन भएका कार्यक्रमहरु सम्झनुपर्दछ ।

## परिच्छेद २
## बालमैत्री वडा घोषणा

**३.बालमैत्री वडा घोषणा गर्न सक्नेः**- १बालमैत्री वडा घोषणाको लागि अनूसुचि १ मा उल्लेख भएका सूचकहरुमध्ये न्यूनतम ८०% सूचकहरु हाँसिल गरेको हुनुपर्नेछ। सवै वडाहरु बालमैत्री वडा घोषणा भए पश्चात महानगरपालिकालाई बालमैत्री महानगरपालिकाको रुपमा घोषणा गर्न सकिनेछ ।

२. वडा कार्यालयले आफ्नो वडामा बालबालिकाको लागि छुटाइएको वजेटलाई सूचकहरुमा आधारित रही बालमैत्री अभियानलाई सफल पार्ने उद्देश्यले वडास्तर मा विभिन्न कार्यक्रमहरु संचालन गर्ने, सरोकारवालाहरु बिच अभिमुखिकरण गर्ने, बालमैत्री स्थानीय शासन र सूचकहरुको बारेमा छलफल गर्ने, वडा बाल मंच/बाल संजाल/बालक्लवहरु गठन गर्ने, सूचिकृत गर्ने लगायतका बालबालिकासँग सम्वन्धित कार्यक्रमहरु समावेश गर्नुपर्नेछ । बालमैत्री वडा घोषणा पश्चात पनि बालबालिकासँग सम्वन्धित कार्यक्रमहरु सूचक प्राप्तिको निरन्तरताको लागि दिगोबालमैत्री वडा कायम राख्न निरन्तर रुपमा संचालन गर्नुपर्नेछ। सो को लागि बालबालिकाको क्षेत्रमा खर्च गर्ने गरी प्रत्येक आर्थिक वर्षमा सामाजिक विकास तर्फको बजेटको १०% वजेट रकम छुट्टाइनुपर्नेछ । वडास्तरको योजना तर्जुमा प्रकृयामा बालसहभागिताको सुनिश्चितता गर्नुपर्नेछ ।

३. सूचकहरुमा आधारित रही सम्वन्धित वडाको बालबालिकाको स्थिती पत्र/प्रतिवेदन तयार भएको हुनुपर्नेछ । स्थिती प्रतिवेदन अनुसार न्यूनतम ८०%

सूचक पुरा भएको खण्डमा सो वडालाई बालमैत्री वडा घोषणा गर्न सकिनेछ। एकपटक प्रकाशित भएको स्थितीपत्र वढीमा ३ वर्ष सम्म मान्य हुनेछ।

४. स्थितीपत्र तयारीका लागि वडा कार्यालय आफैंले कार्य गर्न संभव नभएमा नियमानुसार दोस्रो पक्षसँग सम्झौता गरि तथ्याङ्क संकलन र स्थिती प्रतिवेदन तयार गर्न सक्नेछ।

५. वडा वाट तयार भएको स्थितीपत्रलाई महानगरपालिकामा पेश गर्नुपर्नेछ। पेश हुन आएको स्थितीपत्र उपर उपप्रमुखज्यूको संयोजकत्वमा विषयगत महाशाखा प्रमुखहरु र सम्वन्धित वडाको वडाध्यक्षको सहभागितामा वैठक वसी सोही समिति बाट प्रमाणित (Verify) भएको हुनुपर्नेछ र वालमैत्री वडा घोषणा गर्न उपयुक्त देखिएमा सोही समितिको निर्णयवाट अनुमति दिन सकिनेछ।

६. वडास्तरको सम्पूर्ण सरोकारवालाहरुको बीचमा उक्त प्रमाणित स्थिती प्रतिवेदन र सूचकहरु माथि छलफल गरी वडास्तरीय भेला मार्फत सुसुचित गर्नुपर्नेछ ।

७.वडास्तरको भेलामा न्यूनतम रुपमा देहायअनुसारको संस्था /प्रतिनिधिलाई आमन्त्रण गर्नुपर्नेछ।

(क) वडास्तरका जनप्रतिनिधिहरु

(ख) वडास्तरका सम्पूर्ण राजनैतिक दलका प्रमुख प्रतिनिधिहरु

(ग) वडास्तरमा क्रियाशिल सहकारी संस्था /आमा समूह /टोल विकास संस्थाका/युवा क्लव /गैरसरकारी संस्था लगायत वाट संस्थागत प्रतिनिधित्व

(घ) वडास्तरमा इकाइको रुपमा रहेका सरकारी कार्यालयहरु जस्तै शहरी स्वास्थय केन्द्र/स्वास्थ्य चौकी /उप स्वास्थ्य चौकी आदिको प्रतिनिधित्व

(ङ) वडास्तरमा रहका विद्यालयहरुको प्रतिनिधित्व

(च) वडा वालमंच/वडा वाल संजाल/वालक्लवका वालवालिकाहरुको प्रतिनिधित्व

(छ) अन्य स्थानीय सरोकारवालाहरु

वडा भेलाको समन्वय लगायत आवश्यक कार्यहरुको संयोजन भने परिच्छेद ४ को दफा ४ बमोजिम गठन भएको वडा बालसंरक्षण समितिले गर्नेछ ।

## परिच्छेद ३

## वडा वालसंरक्षण समितिको गठन

४. वडा वालसंरक्षण समितिको गठन

संयोजक : वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य

सदस्य : वडा सदस्यहरु

सदस्य : वडास्थित सरकारी विद्यालयको प्रमुख/व्यवस्थापन समितिको प्रमुख

सदस्य : स्वास्थ्य संस्था प्रमुख

सदस्य : सामुदायिक प्रहरी/वडा प्रहरी कार्यालय प्रमुख

सदस्य : वडास्तरमा क्रियाशिल महिला सहकारी संस्था/आमा समूह /टोल विकास संस्थावाट कम्तिमा २ जना महिला सहित ३ जना

सदस्य : वडा वालमंच/वडा वाल संजाल/वालक्लव मध्येवाट १ जना छात्र १ जना छात्रा गरि ४ जना

सदस्य -सचिव : वडा सचिव

आवश्यकता हेरी सम्वन्धित क्षेत्रको विज्ञ वा सरोकारवाला व्यक्तिलाई आमन्त्रितको रुपमा वोलाउन सकिनेछ ।

## परिच्छेद ४

## वडा बाल संरक्षण समितिको काम कर्तव्य अधिकार

५. वडा बाल संरक्षण समितिको काम कर्तव्य अधिकार :

१. वडालाई बालमैत्री वनाउन पहल गर्ने । बालबालिकाको क्षेत्रमा आवश्यक

कार्यक्रमहरु संचालन गर्ने तथा समन्वय गर्ने गराउने ।

२. वडामा बालअधिकारका घटनाहरु भएमा आवश्यक वहश पैरवी गर्ने, तत्काल राहत उद्धार गर्नुपर्ने घटनाहरुलाई तत्काल आवश्यक समन्वय गरी कार्य गर्ने । आवश्यकता अनुसार संवन्धित निकायको सहयोग लिने, सिफारिस गर्ने ।

३. बालबालिकाको समस्या पहिचान गरी समाधानका लागि योजना तर्जुमा गरी वडामा पेश गर्ने । वडास्तरमा बालमंच गठन गर्ने, अभिमुखीकरण र पचािलन गर्ने ।

४. वडास्तरीय बालक्लव/बालमंचको बार्षिक रुपमा पुर्नगठन गर्ने र प्रतिवेदन प्रणालीको अभिलेखीकरण गर्ने ।

५.बालबालिकासँग सम्वन्धित अन्य विषयहरुको अभिलेखीकरण र प्रतिवेदन गर्ने ।

६. बालबालिकाको क्षेत्रका अन्य विविध कार्यहरु गर्ने ।

## परिच्छेद ५
## विविध

६.विविध : १. सम्पर्क कर्मचारी/ शाखा : बालवालिकासँग सम्वन्धित कार्यक्रमहरुको आवश्यक समन्वयको लागि वडा कार्यालयमा कम्तिमा एक जना कर्मचारीलाई बालबालिकाको क्षेत्र हेर्ने गरी सम्पर्क व्यक्ति(focal person) को रुपमा जिम्मेवारी तोक्नुपर्नेछ । महानगरपालिकामा सामाजिक विकास महाशाखा सम्पर्क/समन्वय शाखाको रुपमा रहनेछ तर वडा कार्यालयहरुले बालबालिकासँग सम्वन्धित कार्यक्रम गर्दा वा बालमैत्री अभियान संचालन गर्दा शिक्षा महाशाखा र स्वास्थ्य महाशाखासँग समेत आवश्यक समन्व्य गर्नुपर्नेछ ।

२. वचाउ : यस पूर्व बालमैत्री वडा घोषणा संवन्धमा भएका कामकारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

३. निर्देशन दिन सक्ने : बालमैत्री वडा घोषणा सम्वन्धमा नगर प्रमुख/उपप्रमुखले आवश्यक निर्देशन दिन सक्ने रउक्त निर्देशनको पालना गर्नु वडा कार्यालयको

कर्तव्य हुनेछ।

४ . कार्यविधिको हेरफेर वा संशोधन :कार्यविधिमा आवश्यक संशोधन र हेरफेर गर्नँपरेमा कार्यपालिका वैठकवाट हेरफेर वा संशोधन गर्नुपर्नेछ ।

## अनुसूचि १
## सूचकहरु

बाल अधिकारमा आधारित बालमैत्री स्थानीय शासन सम्बन्धि न्यूनतम सुचकहरु

१. सेवा प्रवाह सम्बन्धि सुचकहरु :

क) बाल बचाउ :

१) ६ महिनासम्मको शिशुलाई आमाले अनिबार्य रुपमा पूर्ण स्तनपान गराएका (आमाको दुध मात्रै खुवाउने) हुनेछन् ।

२) १ बर्षभित्रका प्रत्येक बालबालिकाले पूर्ण रुपमा खोप (बि.सि.जि.,डि.पि.टि, हेपटाइटिस बि, हिब ३, दादुरा) पाएका हुनेछन् ।

३) १ बर्ष देखि ५ बर्ष सम्मका बालबालिकाहरुले बर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका हुनेछन्

४) गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् ।

५) गर्भवती महिलाहरुले कम्तिमा प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवशिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन् ।

६) गर्भवती महिलाले टिटानस बिरुद्धको २ वटा खोप लगाएका हुनेछन् ।

७) गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् ।

८) एच.आई.भि.संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुले ARV Prophylaxis पाएका हुनेछन् ।

९) सबै घरधुरीमा पिउन योग्य खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ ।

१०) चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि साबुन पानीले हात धुने परिपाटीको बिकास भएको हुनेछ ।

ख) बाल संरक्षण :

१) ५ बर्ष मुनिका सबै बालबालिकाहरुको जन्म दर्ता भएको हुनेछ ।

२) बाल बिवाहका संख्यामा कमी आएको हुनेछ ।

३) निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनेछ ।
४) घर परिवार र समुदायबाट बालबालिका बिरुद्ध हुने हिंसा,बेचबिखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको हुनेछ ।
५) बाल संरक्षण सम्बन्धि समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई संचालनमा ल्याईएको हुनेछ ।
ग) बाल विकास :
१) ४ बर्ष सम्मका बालबालिकाहरु प्रारम्भिक बालबिकास कक्षामा भर्ना भएका हुनेछन् ।
२) कक्षा १ को लागि बिद्यालय जाने उमेर समूहका शत्प्रतिशत बालबालिकाहरु बिद्यालय भर्ना भएका हुनेछन् ।
३) ५ देखि १२ बर्ष उमेर समुहका बालबालिकाहरुले आधारभुत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका हुनेछन् ।
४) औपचारिक शिक्षाबाट बंचित र बिशेष शिक्षाको आवश्यकता भएका बालबालिकाहरुको लागि पनि शिक्षा प्राप्त गर्ने ब्यबस्था भएको हुनेछ ।
५) प्रत्येक बिद्यालयमा छात्र छात्राको लागि अलग अलग बालमैत्री र छात्रामैत्री शौचालयको ब्यबस्था भएको हुनेछ । घरघरमा पनि बालमैत्री शौंचालय हुनुपर्नेछ ।
६) प्रत्येक बिद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धि कार्यक्रम संचालन भएको हुनेछ ।
घ) बाल सहभागिता :
१) स्थानीय निकायको निर्णय प्रकृयामा १२ देखि १८ बर्ष सम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र बिकास गरी सहभागि गराईएको हुनेछ ।
२) स्थानीय निकायले संचालन गर्ने योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिएको हुनेछ ।
३) बिद्यालय ब्यवस्थापन समितिमा संस्थागत तवरबाट बालबालिकाको आवाज सुनिने ब्यबस्था सुनिश्चित भएको हुनेछ ।

४) स्वास्थ्य ब्यबस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व हुनेछ ।

५) वडाहरुमा वडास्तरको वालमंच/वाल संजाल/वाल क्लवहरु गठन भै क्रियाशील रहेको हुनेछ ।

६) नगरस्तरमा महानगर बाल मञ्च गठन तथा संचालन भइ क्रियाशिल भएको हुनेछ ।

२) संस्थागत बिकास सम्बन्धि सुचकहरु :

४) स्थानीय बिद्यालयहरुमा बिद्यालय ब्यबस्थापन समिति क्रियाशील रहनेछन् ।

५) स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य ब्यबस्थापन समिति क्रियाशील रहनेछन् ।

६) स्थानीय स्तरमा बाल बिकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएका हुनेछन्

७) स्थानीय स्तरमा बाल क्वलहरुको सक्रियता रहनेछ ।

१०) बालबालिकाका लागि स्थानीय बिकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ ।

११) महानगरपालिकाको वार्षिक वजेट नीति तथा कार्यक्रमहरुमा बालबालिकासंग सम्बन्धित योजना,नीति तथा कार्यक्रम समेटिएको हुनेछ ।

१२) बालमैत्री सूचकहरुमा आधारित भइ वडास्तमा स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।

## अनुसूचि २
## सूचक प्राप्तिको अवस्था

| क्र.सं. | मापनयोग्य सुचकहरु | आधार अवस्था | हालको अवस्था | प्रगतीको प्रतिशत | न्यूनतम प्रगती पुरा भए नभएको | सुचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**मिति : २०७७ कार्तिक ०४ गते**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**